प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

पत्र संख्याः ०७७/०७८

मिति २०७८।०१।१९

चलानी नं :-

## शुभकामना

"समृद्ध नेपालको आधार, सूचना तथा सञ्चार प्रविधिको विस्तार" को मूल नारा सहित मनाउन लागिएको चौथो सूचना तथा सञ्चार प्रविधि दिवस २०७८ को अवसरमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा आवद्ध महानुभावहरु र गण्डकी प्रदेश बासी लगायत सम्पर्ण नेपालीहरुमा प्रदेश सरकार हार्दिक शुभकामना व्यक्त गर्दछ।

मानव जीवनयापन तथा राष्ट्रको विकासमा समेत सूचना तथा सञ्चार प्रविधिको भूमिका बढ्दै गइरहेको वर्तमान विश्वमा नागरिकको सहज जीवनयापन, पारदर्शी राज्य सञ्चालनमा समेत सूचना तथा सञ्चार प्रविधिको भूमिका महत्वपूर्ण रहेको छ। पछिल्लो समय नागरिकमैत्री तथा नागरिकको सहज पहुँच सहितको राज्यव्यवस्था तथा चुस्तता र सहजता सहितको सार्वजनिक प्रशासन सञ्चालनको मेरुदण्डको रुपमा रहेको पारदर्शीता अवलम्वनमा सूचना प्रविधिको प्रयोग प्रभावकारी माध्यमको रुपमा रहेको छ। सूचना प्रविधिको विकास र प्रवर्धनका लागि गण्डकी प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयले निरन्तर प्रयास गर्दै आईरहेको छ ।

पछिल्लो समय विश्व संकटको रुपमा देखिएको कारोना (कोभिड- १९) जस्तो घातक र महामारीजन्य परिस्थितिमा झन सूचना तथा सञ्चार प्रविधिको महत्व बढेको छ। सूचना प्रविधिको प्रयोगलाई रोजगारीसँगै उत्पादन तथा उत्पादकत्वमा रुपान्तरण गर्न जरुरी देखिएको छ। सञ्चार तथा सूचना प्रविधिको विकास र विस्तारले "समृद्ध प्रदेश, सुखी नागरिक" को प्रदेशिक दीर्घकालिन सोच पूरा गर्ने दिशामा महत्वपूर्ण योगदान पुर्याउने छ।

अन्त्यमा विश्वजगत नै सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनलाई आत्मसाथ गर्दै विकासको गतिवाट गण्डकी प्रदेश पनि सोही गतिमा अगाडि बढदै सूचना तथा सञ्चार प्रविधिको उपयोग, विकास, विस्तार तथा लगानी प्रवर्द्धनमा समेत स्वदेशी तथा विदेशी लगानीकर्ताहरुलाई सरकारसँग सहकार्य गर्न सबैमा सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्दछौं ।

काशी राम गैर
प्रवक्ता
**उप-सचिव**

फोन नं. ०६१- ४६७७३२ ०६१-४६७७३४ फ्याक्स : ०६१-४६७७११ Email:moialp4@gmail.com